केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३२/०६५/६६ मिति : २०६५/११/०६

**सम्पूर्ण इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

विषय : **बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई ऋण नतिर्ने ऋणीहरुलाई गरिएको कारवाहीका सम्बन्धमा ।**

महाशय,

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६५।१०।२९ को निर्णयानुसार बैंक तथा वित्तीय संस्थाहरुसंग कर्जा लिई नियतवस ऋण नतिर्ने यसैसाथ संलग्न सूचिमा उल्लेखित व्यक्तिहरुको सम्बन्धमा निम्नलिखित कारवाही अघि बढाउने निर्णय भएकोले जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

(१) ऋणी र ऋणसंग सम्बन्धित व्यक्तिहरुलाई सबै किसिमका निक्षेप (स्वदेशी तथा विदेशी) को भुक्तानीमा रोक लगाई त्यस्तो निक्षेप रकम बैंक/वित्तीय संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने र निजहरुलाई प्रदान गरिएको लकर सुविधा अनुसार लकरमा राखिएका सबै सम्पत्ती रोक्का राख्ने ।

(२) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाहरुको संस्थापक शेयरमा कारवाहीमा परेका व्यक्ति र निजको एकाघर परिवारले लगानी गरेको अवस्थामा त्यस्तो संस्थापक शेयरहरु जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने ।

(३) बैंक तथा वित्तीय संस्थाहरुबाट त्यस्ता ऋणीहरुको नाममा जारी गरिएको डेबिट कार्ड, क्रेडिट कार्ड जस्ता सुविधाहरु तत्काल रोक्का राख्ने व्यवस्था गर्ने ।

साथै, यसैसाथ संलग्न सूचिमा उल्लेखित ऋणीहरु र निजका एकाघर परिवारले सरकारी सुरक्षण पत्रहरुमा गरेको लगानी जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने निर्णय भएकोले संलग्न सूचीमा तीनपुस्ते नाम र ठेगाना उल्लेख भएका ऋणी तथा निजका एकाघर परिवारले सरकारी सुरक्षण पत्रहरुमा गरेको लगानी जफत गरी लिलाम गर्न र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्न आवश्यक व्यवस्थाको लागि समेत लेखी आएको हुँदा सो सम्बन्धमा यस बैंकको राष्ट्र ऋण व्यवस्थापन विभागसंग समन्वय गरी कार्यान्वयन गर्नु हुन समेत अनुरोध छ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल सरकार, अर्थ मन्त्रालय ।
२. श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग :- जानकारी एवं आवश्यक कार्यार्थ ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
७. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
१०. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।